# मार्मा गाउँपालिका राजपत्र

खण्डः८ संख्याः४ मितिः २०८१/०२/०१

भागः२

# बालबालिकाहरुको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धि कार्यविधि, २०८१

मार्मा गाउँपालिका
लटिनाथ दार्चुला
सुदूरपश्चिम प्रदेश नेपाल

# बालबालिकाहरुको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धि कार्यविधि, २०८१

## कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०१/२७

बालबालिकाहरुको समग्र विकास र बालबालिकाहरुलाई राज्य संग प्रत्यक्ष जोड्न बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ८ उपदफा १० एव दफा ६१ को उपदफा १ संग सम्बन्धित रही बाल अधिकार एव बाल संरक्षणको कार्य प्रभावकारी रुपमा लागु गर्न बान्छनीय भएको हुदा बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धि कार्यबिधि २०८१ जारी गरिएको छ । यो कार्यबिधि गॉउपालिका बाट स्वीकृत गरि लागु गरिने छ । साथै गॉउ सभा बाट अनुमोदन समेत गरिने छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "बालबालिकाहरुको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धि कार्यविधि २०८१ " रहेको छ ।

(२) यो कार्यविधि गॉउकार्यपालिका बाट स्वीकृत भइ तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा ,बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) " ऐन" भन्नाले बालबालिका सम्बन्धि ऐन ,२०७५ सम्झनु पर्छ ।

ख) "बाल कल्याण अधिकारी एव बालअधिकार अधिकृत" भन्नाले प्रक्रियागत रुपमा पालिकामा बालबालिकाको क्षेत्रमा काम गर्ने

गरि नियुक्त गरिएको वा बालबालिकाको क्षेत्रमा काम गर्ने जिम्मेवारी प्राप्त कर्मचारीलाई जनाउने छ ।

ग) "समिति" भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उपदफा २ बमोजिम स्थानीय बालअधिकार समिति एव कार्यविधि अनुसार वडा स्त्तरमा गठित बाल संरक्षण समिति एव बाल अधिकार समिति सम्झनु पर्छ ।

घ) "बाल संरक्षण समिति" भन्नाले यसै कार्यविधि अनुसार गठन गरिएको बालबालिकाको संरक्षणका लागि टोल विद्यालय ,वडा एव पालिकामा गठित समिति सम्झिनुपर्छ ।

ङ) "सस्था" भन्नाले बाल गृह, बाल सुधार गृह ,पुर्न स्थापना केन्द्र ,निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवा संचालनको निम्ति प्रचलित कानुन बमोजिम दर्ता भइ स्वीकृत विधानमा त्यस्तो सेवा संचालन गर्न व्यवस्था राखी तोकिए बमोजिम सस्थागत रुपमा बाल संरक्षण कार्य योजना ,बाल संरक्षण मापदण्ड ,कार्यविधि तथा आचार संहिता स्वीकृत गरि स्थापना तथा संचालन गर्न योग्य इच्छुक सस्थालाई सम्झनुपर्छ ।

च) "बाल गृह प्रमुख संचालक र ब्यस्थापक" भन्नाले बाल गृहका स्वीकृत बिधान अनुसार बाल गृहको प्रमुख कार्यकारी अधिकार भएको व्यक्तिलाई प्रमुख कार्यकारी समिति वा संचालक समितिका अध्यक्ष लगायत सदस्यहरुलाई संचालक र प्रमुख कर्मचारीको रुपमा रही जिम्मेवारी बहन गर्ने कर्मचारीलाई ब्यस्थापक सम्झनुपर्छ ।

छ) "जोखिम पूर्ण अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिकालाई सम्झनुपर्छ

- ➢ अपहरणमा परेका वा हराएका
- ➢ बेचबिखन तथा ओसारपसार परेका
- ➢ सडक बालबालिका वा सडकमा रहेका
- ➢ जोखिम पूर्ण व्यवसाय वा काममा लागेका
- ➢ अलपत्र वा बेवारिस भएका
- ➢ बाल यौन दुर्व्यवहारमा परेका
- ➢ बालबालिका बिरुद्को हिंसामा परेका
- ➢ अपांगता भएका
- ➢ सुस्त मनस्थिति भएका
- ➢ बाला श्रममा परेका
- ➢ एच.आई.भी संक्रमित भएका
- ➢ प्राकृति प्रकोप तथा दैविक बिपद्मा परेका
- ➢ दुर्घटना भएका  वा मानव सिर्जित बिपद्मा परेका
- ➢ बन्धक बनाएक वा जवरजस्ती श्रम बाट टुहुरा बालबालिका
- ➢ बाल अधिकार समितिले तोकेको अन्य बालबालिका

ज) "हेरचाह कर्ता" भन्नाले सस्थागत तथा बैकल्पिक हेरचाहमा रहेका बालबालिकाको प्रत्यक्ष हेरचाह वा संरक्षण कार्य गर्ने वयस्क महिला वा पुरुष सम्झनुपर्छ ।

झ) "अनौपचारिक हेरचाह" भन्नाले अख्तियार प्राप्त प्रशासनिक वा न्यायिक निकायको निर्णय वा हैसियत अनुसार आफन्त वा साथी

वा अरुहरुको एक निश्चित अवधि सम्म पारिवारिक बाताबरणमा राखेर गरिने हेरचाह सम्झनुपर्छ ।

ञ) "औपचारिक कार्य कर्ता" भन्नाले अख्तियार प्राप्त प्रशासनिक वा न्यायिकको निर्णय वा आदेशमा सार्वजनिक निकाय सस्था वा पारिवारिक बाताबरणमा राखेर गरिने हेरचाह सम्झनुपर्छ ।

ट) "सामाजिक कार्य कर्ता" भन्नाले मान्यता प्राप्त विश्व विधालय बाट सामाजिक कार्य बिषयमा स्नातक तह उर्तिण भएका वा कुनै पनि बिषयमा स्नातक उर्तिण गरि कम्तिमा २ महिनाको सामाजिक कार्य कर्ताको तालिम लिएको व्यक्ति समेतलाई बुझाउछ ।

ठ) "कार्यविधि" भन्नाले बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८१ लाई सम्झनु पर्छ ।

ड) "मनोसमाजिक सेवा" भन्नाले बाल मनोवैज्ञानिक बिशेषज्ञ, मनोसमाजिक परामर्श कर्ता द्वारा गरिने आंकलन, लेखाजोखा, बिमर्श, प्रशिक्षण, निदान र उपचार सम्बन्धी सेवा सम्झनु पर्छ ।

ढ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर सम्मका व्यक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## स्थानीय बालअधिकार समिति सम्बन्धी व्यवस्था

३. **स्थानीय बालअधिकार समितिको गठनः** १) स्थानीय बालअधिकार समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

- गाउँपालिका उपाध्यक्ष - अध्यक्ष
- समाजिक विकास समितिको संयोजक - सदस्य

- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य
- स्थानीय तहको प्रहरी प्रमुख - सदस्य
- स्थानीय स्वास्थ्य शाखा संयोजक - सदस्य
- सामुदायिक विद्यालयको प्र.अ. हरु मध्येबाट समितिले मनोमानित गरेको १ जना - सदस्य
- बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स. बाट मनोनित १ जना - सदस्य
- महिला बालबालिका तथा समाज कल्याण शाखाको प्रतिनिधि - सदस्य
- गाँउ स्तरिय बाल संजाल बाट १/१ जना बालक र बालिका गरि २ जना - सदस्य
- महिला स्वयमसेविकाहरुबाट १ जना - सदस्य
- बाल कल्याण अधिकारी - सदस्य सचिव

२) उपदफा १ बमोजिम गठन भएको समितिको पदावधि ३ वर्ष रहने छ ।

**४. स्थानीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार**

क. समितिको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ख. बाल संरक्षण सम्बन्धी योजना कार्यक्रम तथा प्रगति प्रतिवेदन तयार गरि अनुमोदनका लागि गाउ सभा एंवम गाउँ कार्यपालिकामा पेश गर्ने ।

ग. पालिका भित्र रहेका बालगृह, बाल सुधार गृह, पुनःस्थापना केन्द्र, अस्थायी सेवा संरक्षण केन्द्र, जस्ता आवासिय केन्द्र एवंम सम्पूर्ण बाल अधिकार सम्बन्धीका घटनाहरु अनुगमन, निरीक्षण, आवश्यक निर्देशन दिइ आवश्यक सुधारका लागि पहल गर्ने ।

घ. बाल अधिकार संरक्षण एवंम प्रवर्द्धन सम्बन्धि तालिमका लागि पालिका र वडा स्तर एवंम सरोकारवाला हरु संग आवश्यक समन्वय गर्ने ।

ङ. बालबालिकाका सम्बनधि सरकारी एवंम गैर सरकारी निकाय संग आवश्यक समन्वय गरी बालबालिकाको हक हित एंव संरक्षणका बिषयमा कार्यक्रम तथा स्रोत व्यवस्थापन गरी परिचालन गर्ने ।

च. बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धि प्रचारप्रसार सचेता अभिवृधि गर्ने ।

छ. बालबालिका सम्बन्धि प्रतिवेदन तयार गरी असार मसान्तमा कार्यपालिका, प्रदेश बाल अधिकार समिति र केन्द्रिय बाल अधिकार परिषद पठाउने ।

ज. समितिको दिर्घकालिन निति, योजना र कार्यक्रम स्वीकृत गर्ने ।

झ. समिति व्यवस्थित एंव स्रोत साधन तथा जनशक्ति व्यवस्थापन परिचालन गर्ने ।

ञ. बालमैत्रि पालिका घोषणाका लागि बालमैत्रि वडा घोषणामा वडा स्तरीय बाल संरक्षण समिति एंव वडा स्तरीय बाल अधिकार समिति संग  आवश्यक समन्वय एंव योजना निर्माण गरि कार्यन्वयनमा जोड दिने ।

ट. बालबालिकाको हक हित तथा अधिकार संरक्षण संग सम्बन्धित बाल बचाउ बाल संरक्षण बाल बिकास र बाल सहभागिताका लागि अन्य आवश्यक कार्यक्रम निर्धारण गरि कार्यान्वयन गर्ने गराउने ।

ठ. वडास्तरीय १३ जनाको बाल संरक्षण समिति एंव वडा स्तरीय बाल अधिकार समिति गठन, तालिम एंव थप क्रियाशिलतामा जोड गर्ने ।

ड. बालक्लब गठन तथा परिचालन गरी समाजिक बिकृती लगायतका कार्यमा जोड गर्ने ।

ढ. समितिले  आवश्यकता अनुसार आफ्नो अधिकार बाल कल्याण अधिकारी लाई प्रत्योजन गर्न सक्ने छ ।

ण. कार्यपालिकाको परामर्शमा अन्य एंव बालबालिका सम्बन्धि कार्य गर्ने एंव सम्बन्धित अन्य समितिहरु सक्रिय बनाउने ।

५. **स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धि व्यवस्थाः** स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम निर्धारण गरीएको छ ।

क. समितिको बैठक कम्तिमा वर्षको ३ पटक अध्यक्षले तोकेको मिति समय र स्थानमा बैठक वस्ने छ ।

ख. अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिव ले बोलाउने छ ।

ग. सदस्य सचिवले समितिको बैठक बस्ने सुचना सहित बैठकमा छलफल हुने बिषयहरुको सुचि ३ दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्ने छ ।

घ. गाउँपालिका अध्यक्षलाई यस समितिको संरक्षकको रुपमा विशेष आमन्त्रित गरिने छ ।

ङ. समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि उपस्थित रहेमा समितिको वैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

च. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा अध्यक्षको आदेश अनुसार उपस्थित सदस्यहरु मध्ये जेष्ठताको क्रम अनुसार अध्यक्षता ग्रहण गरि बैठक बस्न सक्नेछ।

छ. बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुने छ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

ज. समितिको बैठकको निर्णय समितिको अध्यक्षबाट प्रमाणित गरिने छ ।

झ. समितिको बैठक तथा संचालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

ञ. बैठक सम्बन्धि अन्य गतिविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **वडास्तरीय बाल अधिकार समितिः**

क. वडा अध्यक्ष - संयोजक

ख. वडा समितिका जन निर्वाचित प्रतिनिधिहरु मध्येबाट महिला सहित २ जना - सदस्य

ग. शिक्षक एंव वडाको सबै भन्दा उच्च तहको विद्यालयको प्र.अ. - सदस्य

घ. महिला स्वास्थ्य कार्यकर्ता मध्येबाट १ जना - सदस्य

ङ. दलित अल्पसंख्यकबाट प्रतिनिधित्व हुने गरी महिला सहित २ जना - सदस्य

च. सम्बन्धित वडामा रहेको प्रहरी कार्यालय प्रमुख - सदस्य

छ. वडास्तरीय बाल संजालको प्रतिनिधि एंव बाल क्लब प्रतिनिधि १ जना -सदस्य

ज. वडा कार्यालय सचिव - सदस्य सचिव

७. **वडा स्तरीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः**

क. विषेश हेरचाह एंव संरक्षण विहिन बालबालिकाको तथ्याङ्क संकलन गरि अद्यावधिक गर्ने र पालिका, वडा एंव स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

ख. सम्बन्धित वडामा बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था, बाल क्लब, समूह, बाल अधिकार समिति, मेलमिलाप केन्द्र, लगायतका निकायहरु संग समन्वय, सहकार्य र साझेदारी गरि बाल अधिकारको सबर्द्धनात्मक र संरक्षात्मक गर्ने गराउने ।

ग. बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरि स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थाहरुको समन्वयमा समुदायमा आधारित कार्यक्रमको तर्जुमा एंव कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय गर्ने ।

घ. बाल अधिकारको संरक्षण र सम्बर्द्धन का निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने ।

ङ. स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेणा, समन्वय, साझेदारी गर्ने र कार्यक्रम संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन गर्ने ।

च. बाल अधिकार हनन सम्बन्धमा कुनै पनि माध्यम बाट जानकारीमा आएका घटना एंव उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एंव समन्वयकारी भुमिका निर्वाह गरी बालबालिकाको सर्वोत्तम हित लाई ध्यानमा राखी घटना व्यवस्थापनमा सहयोग गर्ने ।

छ. बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दिगो विकासका लागि स्रोत व्यवस्था मिलाउने ।

ज. बाल संरक्षणका बिषयमा वकालत गर्ने र स्थानीय बाल अधिकार समितिलाई बाल अधिकार प्रबन्धन सम्बन्धि आवश्यक सहयोग गर्ने ।

झ. शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा बार्षिक योजनामा समेत बाल संरक्षण सम्बन्धित भूमिका बिषेश गरि बालबिवाह,

घरेलु तथा लैंगिक हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना तथा उजुरी समाबेस गर्न सहजीकरण गर्ने ।

ञ. बाल संरक्षण सम्बन्धित  कार्यका लागि, आवश्यक पर्ने सेवाहरुको लागि सम्बन्धित पालिका, वडा बाट वा अन्य सरकारी एव गैर सरकारी सेवा प्रदायक वा निजि क्षेत्र बाट परिचालन गर्न सकिने गरि सूचीकरण तथा सिफारिस प्रवन्ध मिलाउने ।

ट. अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकाको दीर्घकालीन प्रभाव पर्ने बिषयमा आफु खुसि निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरु हुन् नदिन नियमित अनुगमन गर्ने ।

ठ. बालबालिका संग सम्बन्धित दिवसहरु पालिका, वडा स्तरीय निकायहरुको समन्वयमा  मनाउने ।

ड. वडा बाल संरक्षण समिति वा वडा स्तरीय बाल अधिकार समितिहरु, बालक्लब, संजालहरु एवम् सरोकारवालाहरु र पालिका, वडा विच सहकार्य र सम्पर्क गर्ने ।

ढ. बालमैत्री वडा घोषणाका लागि आवश्यक पहल गर्ने एवम् स्थानीय बाल अधिकार समिति संग आवश्यक परामर्श गर्ने ।

ण. वडामा बालबालिका सम्बन्धि सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

**८. वडा स्तरीय बाल अधिकार समितिको बैठक सम्बन्धि व्यवस्थाः**

वडा स्तरीय बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ ।

क. समितिको बैठक कम्तिमा वर्षको ३ पटक अध्यक्षले तोकेको मिति समय र स्थानमा बैठक वस्ने छ ।

ख. अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिव ले बोलाउने छ ।

ग. सदस्य सचिवले समितिको बैठक बस्ने सुचना सहित बैठकमा छलफल हुने बिषयहरुको सुचि ३ दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्ने छ ।

घ. समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि र उपस्थित रहेमा समितिको वैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

ङ. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा अध्यक्षको आदेश अनुसार उपस्थित सदस्यहरु मध्ये जेष्ठताको क्रम अनुसार अध्यक्षता ग्रहण गरि बैठक बस्न सक्नेछ ।

च. बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुने छ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

छ. समितिको बैठकको निर्णय समितिको अध्यक्षबाट प्रमाणित गरिने छ ।

ज. समितिको बैठक तथा संचालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

झ. बैठक सम्बन्धि अन्य गतिविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **बालक्लब तथा संजाल गठन एव परिचालनः** विद्यालय, समुदाय एवं वडा र गाउपालिका स्तरीय बाल संजाल गठन गरि परिचालन गर्न पालिकाबाट पारित ”बालक्लब र संजाल गठन तथा सहजीकरण निर्देशिका २०८१ ” अनुसार गर्ने ।

## परिच्छेद-३

## बाल कल्याण अधिकारी सम्बन्धि व्यवस्था

१०. गाउपलिका भित्र रहेका अधिकृत स्तरका कर्मचारीहरु मध्येबाट प्रमुख प्रशासकीय अधिकृत वा गाउ कार्यपालिकाले तोक्ने छ ।

११. **काम कर्तव्य र अधिकारः** (१) बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार बालबालिका सम्बन्धि संघीय ऐन नियमावली र यस कार्यविधि अनुसार देहाय बमोजिम हुनेछ ।

क. गाउँपलिका स्थानीय बाल अधिकार समितिको निर्णय एव निर्देशनहरू कार्यान्वयन गर्ने गराउने ।

ख. स्थानीय सरकार बाट स्वीकृत निती र योजना अनुरुप बार्षिक कार्यक्रम बजेट तर्जुमा तथा सोको प्रगति प्रतिबेदन तयार गरि समितीको बैठकमा पेश गर्ने ।

ग. स्वीकृत राष्ट्रिय प्रार्देशिक र स्थानीय निती एव योजना अनुरुप बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यन्वयन गर्न स्थानीय तह लाई सहयोग गर्ने ।

घ. बालबालिका तथा बाल अधिकार सम्बन्धि समग्र स्थानीय तथ्यांक संकलन ताथा प्रशोधन गरि गराई बालबालिका सम्बन्धि स्थानीय बार्षिक स्थिति प्रतिबेदन तयार गरि समितिको स्वीकृतीले प्रकासन गर्ने र प्रत्येक आर्थिक बर्ष समाप्त भएको तिन महिना भित्र एक —एक प्रति सम्बन्धित निकाय समक्ष पेश गर्ने

ङ. स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्ति तथा निकायहरुलाई समन्वय सहकार्य एव परिचालन गर्ने

च. आन्तरिक धर्म पुत्र धर्म पुत्री लिने दिने व्यक्ति लाई स्थानीय बाल अधिकार समितिमा सुचीकृत गर्न र खिलत तयार गर्न सहयोग गर्ने

छ. आन्तरिक धर्म पुत्र, धर्म पुत्री, संरक्षक नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

ज. स्थानीय तह भित्र संचालनमा रहेका बाल गृह, बाल सुधार ग्रह, पुनस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र , निगरानी कक्ष, जस्ता आवाशीय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पृष्ठपोषण गर्ने र बन्द

गर्न आवश्यक भएमा कार्यपालिका एव सबन्धित निकायमा सिफारिस गर्ने ।

झ. बालबालिकाको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धित स्थानीय तहको दिर्घकालिन निती र योजना तर्जुमा गरि समितिको बैठकमा पेश गर्ने ।

ञ. समिति संग सम्बन्धित मुदा मामिलाको सन्दर्भमा अदालत तथा न्यायिक निकायलाइ जवाफ तथा प्रतिउत्तर दिने ।

ट. बालबालिकाको सर्बोत्तम हितका निम्ति नेपाल प्रचलित कानुन बाल संरक्षण निति मापदण्ड तथा बालमैत्रि समाज स्थापनाका लागि सम्बन्धित निकाय संग समन्वय, सहयोग, सहजिकरण तथा सहकार्य गर्ने ।

ठ. कार्य सम्पादन सम्झौता बमोजिमको कार्य, प्रगति प्रत्येक ६/६ महिनाको अवधिमा सम्बन्धित स्थानिय तहको कार्यपालिका समक्ष पेश गर्ने ।

ड. बालमैत्रि स्थानीय शासन प्रबर्द्धनमा योजना निर्माण गरि कार्यान्वयनमा जोड दिने ।

ढ. बाल संरक्षण सम्बन्धि वडा स्तर सम्म बाल संरक्षण समिति एंव बालक्लब गठन र परिचालन प्रभावकारि रुपमा गर्ने गराउने ।

ण. संरक्षण विहिन एंव जोखिममा परेका बालबालिकाहरुको हेरचाह कर्ताको लागि प्रवन्ध मिलाउने ।

त. सामाजिका कार्यकर्तालाई बाल अधिकार प्रबर्द्धन कार्यमा जोड दिने ।

थ. बालबालिकाका हितका लागि बाल गृह एंव संरक्षण केन्द्र तथा आवश्यकता अनुसार सिफारिस गर्नु ।

द. बालबालिका संग सम्बन्धित सम्पूर्ण कार्य प्रमुख प्रशासकिय अधिकृत संग आवश्यक समन्वय गर्दै सिफरिस गर्ने ।

ध. स्थानीय बाल अधिकार समितिको प्रशासकिय प्रमुख भइ कार्य सम्पादन गर्ने ।

न. गाउँ कार्यपालिका एव समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

१२. **अन्य कार्यः** बाल कल्याण अधिकारी स्थानीय बाल अधिकार समिति र अख्तियार प्राप्त अन्य निकायले वैकल्पिक हेरचाह प्रदान गर्ने व्यक्ति परिवार संस्था तथा निकायको नियमित अनुगमन गरी देहायमा उल्लेख गरीएका समेतका सेवा तथा हक अधिकार बाट कुनै बालबालिका वञ्चित नभएको सुनिश्चित गर्ने कार्यमा पहल गर्नु पर्दछ ।

क. जन्म दर्ता

ख. विद्यालय उमेरका बालबालिकालाई औपचारिक शिक्षा

ग. सरकारबाट प्राप्त गरेको छात्रवृत्ति

घ. स्वास्थ्य सेवा र स्वास्थ्य उपचार

ङ. सरकारबाट प्रप्त भएको सामाजिक सुरक्षा र सहयोग

च. आफ्नो जाति धर्म र सस्कृति अनुसार चाँड पर्व मान्ने सास्कृतिक गतिविधिमा सहभागि हुन पाउने अधिकार

छ. स्थानीय तहबाट प्राप्त हुने सेवा सुविधा

ज. बढ्दो उमेर परिपक्वता तथा विकासको अवस्था अनुसार परिवार समुदाय स्थानीय तह जिल्ला प्रदेश तथा राष्ट्रिय स्तरमा सहभागि हुन पाउने अधिकार

झ. प्रचलित कानुन निति योजना तथा कार्यक्रमबाट प्राप्त हुने सबै अवसर तथा सुविधा

ञ. विद्यालय शान्ति क्षेत्र सम्बन्धि कार्य

ट. बाल अधिकार हननका घटना

ठ. बालविवाह न्युनिकरण सम्बन्धी सचेतना एवं कार्ययोजना निर्माण एवं कार्यान्वयन ।

## परिच्छेद-४

## बाल मनोविज्ञ समाजसेवी तथा सेवा प्रदायक सम्बन्धि व्यवस्था

**१३. समाज सेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति :**

१) स्थानीय तहका क्षेत्र भित्र समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकरण गराउनु पर्नेछ।

२) उपदफा(१)बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सुचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना गर्ने छ ।

३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्ने इच्छुक व्यक्तिले सुचनामा तोकिएको बमोजिमका कागजात तथा विवरण सहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

४) उपदफा(३)बमोजिमको निबेदन तथा कागजातको जाँच अनुसार तोकिएको न्युनतम योग्यता पुगेका निवेदकहरुलाई समाजसेवी र बाल मनोविज्ञको रुपमा सुचीकृत गरि स्थानीय बाल अधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ ।

५) सुचीकृत समाजसेवी र बाल मनोबिद मध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने समाजसेवी र बाल मनोविज्ञको छनोट र नियुक्ति प्रक्रिया निजको काम कर्तव्य र अधिकार पारिश्रमिक तथा अन्य सुबिधा अन्य निकायको हकमा सम्बन्धित निकायका लागि तोकिएको बमोजिम र स्थानीय तह अन्तर्गत कामको हकमा स्थानीय बालअधिकार समितिको सिफारिसमा स्थानीय तहले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## विविध

१४. **बचाउः** बालबालिकाको हकहित प्रवर्द्धन का लागि यस अघि गाउँपालिकाबाट भएका कार्यहरु यसै कार्यविधि अनुसार भएका मानिनेछन् ।

१५. **अमान्य हुनेः** यस कार्यविधिमा भएका प्रावधानहरु संघीय र प्रदेश कानुन  प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**आज्ञाले**
**नन्दन सिंह ठगुन्ना**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**